
# कथा हाब्रेको, जिज्ञाशा छोरीको



# STORY OF RED PANDA: A CURIOSITY OF DAUGHTER

The Rufford Foundation
www.rufford.org

Pittsburgh Zoo & PPG Aquarium

Mountain Partnership
working together for mountain peoples and environments

Nature Conservation Initiative Nepal (NCI-Nepal)
प्रकृति संरक्षण अभियान नेपाल
गोकर्णेश्वर ०५, काठमाडौँ

Kathmandu, Nepal
2021

Nepal Environmental Research Institute (NERI)
नेपाल इन्भायरमेन्टल रिसर्च इन्स्टिच्युट
तारकेश्वर ०९, काठमाडौँ

## सर्वाधिकार लेखकहरूमा संरक्षित

प्रकृति संरक्षण अभियान नेपाललाई यस किताब प्रकाशनको लागि रुफोर्ड फाउन्डेसन (Rufford Foundation) तथा पिट्सबर्ग जु एण्ड पिपिजि ऐक्वेरियम (Pittsburgh Zoo & PPG Aquarium) बाट आर्थिक सहयोग उपलब्ध भएको हो । प्रकृति संरक्षण अभियान नेपालका अन्य कार्यक्रमहरु बारे www.ncinepal.org.np बाट जानकारी लिन सकिनेछ ।

**प्रथम संस्करण**: **वि.सं. २०७७**
**प्रकाशन प्रति**: १०००।-
**आवरण**: गौरी जयसवाल, केशरी तिवारी, गणेश बहादुर मगर
**चित्रहरू**: गौरी जयसवाल, केशरी तिवारी, जीवन राई
**साजसज्जा**: गणेश बहादुर मगर
**मुद्रण**: ॐ श्री अफसेट प्रेस, काठमाडौँ
**प्रकाशक**: प्रकृति संरक्षण अभियान नेपाल, गोकर्णेश्वर ५, काठमाडौँ

**ISBN: 978-9937-0-8539-7**
संरचना साभारका लागि: बराल, बद्रि; मगर, गणेश बहादुर; तिवारी, केशरी; जयसवाल, गौरी; भण्डारी, सुदिप; भण्डारी, परशुराम; पोखरेल, अन्जु; बस्नेत, दिपक राज; राई, जीवन र खड्का, बीनीता (२०७७) कथा हाब्रेको: जिज्ञासा छोरीको । प्रकृति संरक्षण अभियान नेपाल, गोकर्णेश्वर ५, काठमाडौँ ।

©सर्वाधिकार संरक्षित । प्रकाशकको अनुमति बिना यस प्रकाशनका कुनै पनि अंश प्रकाशन गर्न वा कुनै रुप वा सहायताद्वारा प्रयोग गर्न (तस्वीर, इलेक्ट्रोनिक, मेकानिकल, फोटोकपि, रेकर्ड गरेर टेप गरेर वा सूचना भण्डार पनि: प्रयोग गर्न सक्ने प्रणाली प्रयोग गरेर) पाइने छैन ।

**Citation:** Baral, B., Magar, G.B., Tiwari, K., Jaiswal, G., Bhandari, S., Bhandari, P., Pokharel, A., Basnet, D.R., Rai, J., and Khadka, B. (2021). Story of Red Panda: A Curiosity of Daughter. Nature conservation Initiative Nepal, Gokarneshwor-5, Kathmandu.

# प्राक्कथन

अवैध शिकार एवं विभिन्न कारणवश बासस्थानमा आएको ह्रासको कारण संकटापन्न स्थितिमा पुगेको हुँदा हाब्रेलाई 'दुर्लभ वन्यजन्तु र वनस्पतिहरूको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि' (CITES) को अनुसूची-१ मा समावेश गरिएको छ । उक्त अनुसूचीमा समाविष्ट भएको कारण हाब्रेको शिकार, ओसारपसार लगायतका कार्यहरू निषेध गरिएका छन् । त्यसैगरी 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन', २०२९ ले पनि हाब्रेलाई संरक्षित वन्यजन्तुको रुपमा संरक्षण गरेको छ ।

सानो आकारको जनावर भएको कारण पनि हाब्रे चोरीशिकारी जस्ता अपराधका घटनाहरू दिन प्रतिदिन बढ्दै जाने तथ्य अवश्यम्भावी छ । हाब्रेको बासस्थान वरपरका जनताहरुको जीविकोपार्जन प्राकृतिक स्रोतको उपयोगमा आधारित छ । घुमन्ते पशुपालन प्रणाली लगायत, जडीबुटी तथा गैरकाष्ठ वनजन्य उत्पादनहरुको बिक्रीबाट यस क्षेत्रका हजारौं जनताहरु जीवनयापन गर्दै आएका छन् । नेपालमा रहेको कुल हाब्रेको बासस्थानको ७० प्रतिशत बासस्थान संरक्षित क्षेत्रबाहिर रहेको छ । अतः हाब्रेको संरक्षण र जीविकोपार्जन सुधारका दृष्टिले अत्यन्तै सम्वेदनशील बासस्थानहरुलाई क्रमिक रुपमा स्थानीय समुदायहरुको क्षमता अभिवृद्धि गर्दै स्थानीय समुदायद्वारा संरक्षण तथा व्यवस्थापन गर्नुपर्छ ।

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई संरक्षणसम्बन्धी चेतना अभिवृद्धि गराउने उद्देश्यले हाब्रे संरक्षणप्रति चासो राख्ने संघसंस्थाहरूको प्रयासमा हाब्रेको बासस्थान नजिक रहेका विद्यालयहरुमा पर्चा/पम्प्लेट टाँस्ने, वितरण गर्ने क्रियाकलापका साथसाथै विभिन्न चरणमा हाब्रे संरक्षणसम्बन्धी कक्षा, हाजिर जवाफ, वक्तृत्वकला, चित्रकला जस्ता प्रतियोगिताहरु संचालन हुँदै आएका छन् । सुनेको भन्दा देखेको र पढेको कुरा लामो समयसम्म सम्झनामा रहिरहने र बढी प्रभावकारी हुने हुँदा हाब्रे, यसको बासस्थान, संरक्षण चुनौती तथा संरक्षणमूलक सन्देशलाई प्रतिबिम्भित गर्ने चित्रसहितको लघुकथा तयार गरीएको छ । विद्यार्थीहरूलाई क्रियाशिल बनाई उनीहरूको नेतृत्व र  संलग्नतामा संरक्षणसम्बन्धी चेतना अभिवृद्धि संचालन गर्न र प्रत्येक गाउँ टोलका पढ्न नजान्ने अभिभावकहरुसम्म पनि विद्यार्थीहरुले हाब्रे संरक्षणसम्बन्धी जानकारी पुऱ्याउन यो पुस्तिका उपयोगी हुने विश्वास राखेका छौं । धन्यवाद !!

**बद्री बराल**
**परियोजना संयोजक**
**प्रकृति संरक्षण अभियान नेपाल, गोकर्णेश्वर-५**

# मन्तव्य



रमाईलो र अन्तरक्रियात्मक शिक्षा मार्फत जैविक विविधता संरक्षणको अध्ययन गर्न पाउनु बालबालिकाहरूको लागि चाखलाग्दो अनुभव हुनसक्छ । यसले बालबालिकाहरूलाई आफ्ना स्थानीयस्तरमा भएका जैविक विविधताको दिगो संरक्षणका सवालमा जागरूक बनाउँछ । यस परिप्रेक्ष्यमा प्रकृति संरक्षण अभियानका सदस्यहरुको प्रयासमा बालबालिकाको चासो अभिवृद्धि गर्ने जमर्को भएको छ । साथै, बालबालिकाहरूको वन्यजन्तु संरक्षण सम्बन्धि सिकाईहरुले आफ्नो गाउँठाउँमा रहेका वन्यजन्तुको संरक्षण गर्न र आफ्नो सुनौलो भविष्य स्वयम् आफैले निर्माण गर्नका लागि सहयोगी भूमिका खेल्दछ ।

म आशा गर्छु कि यो पुस्तिका "**कथा हाब्रेको, जिज्ञासा छोरीको**" ले हाब्रे संरक्षणको दिगोपन मात्र सुनिश्चित नगरी, संरचनात्मक ढङ्गबाट विद्यार्थीहरूलाई उनीहरूको आफ्नै भविष्यको जिम्मेवारी लिनको लागि पनि धेरै नै सहयोग गर्नेछ । यो पुस्तिकामा समावेश गरिएका कुराहरू हाब्रेका बासस्थानमा रहेका अन्य हिमाली जीवन प्रति पनि अन्तरदृष्टि हुनेछन् जसले वन्यजन्तु संरक्षण कार्यक्रमहरूलाई थप टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । हामी हाब्रे लगायत समग्र जैविक विविधताको स्वस्थ, दिगो, दरिलो र उज्ज्वल भविष्यको कल्पना र समर्थन गर्नको लागि प्रेरित गर्न यो सामग्री सहयोगी हुनेछ भन्ने आशा गर्दछौं ।

**धन्यवाद!!!**



**राजु दंगाल**
**अध्यक्ष**
**प्रकृति संरक्षण अभियान नेपाल,**
**गोकर्णेश्वर-५**

# कथा हाब्रेको, उत्सुकता छोरीको

*(गोपाल आफ्नी छोरी गौरीलाई लिएर भोली जाजरकोट जाने तयारीमा छन् । गौरी पनि दंग छिन् । गोपाल कम्प्युटरमा काम गरीरहेका बेला उत्सुक गौरी बाबासँग जिज्ञाशा राख्दै )*

**गौरी**: बाबा, यसपाली गाउँ गएर के के गर्ने ?

**गोपाल**: यसपाली हजुरबा-हजुरआमा भेट्ने, गाउँ डुल्ने, जंगल घुम्ने अनि बाबा छोरी भएर हाब्रेको बासस्थान पनि घुम्ने ।



**गौरी**: बाबा, हजुर खाली हाब्रे हाब्रे मात्र भन्नुहुन्छ, किन ?

**गोपाल**: (मुस्कुराँउदै..) छोरी म लामो समयदेखि हाब्रेलाई बुझ्न र यसलाई कसरी जोगाउन सकिन्छ भनेर खोजी गर्दै छु र मेरो काम नै यही हो । अहिले तिमी, तिम्रो भाई र मामुजस्तै मलाई यसको पनि निकै माया लाग्छ ।

**गौरी**: त्यस्तो पनि हुन्छ र ? हाब्रेलाई माया गर्नपर्ने के छ र त्यस्तो ?

**गोपाल**: नरिसाउ न...जसरी हाम्रो परिवारमा तिमी र तिम्रो भाई मात्र

हाम्रो दुई सन्तान हौ, त्यसरी नै हाब्रे पनि आफ्नो परिवार, *ऐलुरेडी*को दुई सदस्यमध्येको एक रहेको कुरा हालैको अध्ययनले बताएको छ। यसको पेट र दाँतको बनौट मासु खाने खालको रहेको छ तर यो जीव अहिले आफुलाई जोगाइरहन बाँसको टुसा मात्र खाएर बाँच्न थालेको छ। फेरी यो हाम्रो देश नेपाल लगायत विश्वका अन्य ४ देश - भारत, भुटान, चीन र म्यानमारमा मात्र पाईन्छ। त्यती मात्र कहाँ हो र, यसको संख्या पनि निकै कम छ। हाब्रेले स्थान विशेषको परिचय पनि दिन्छ, यसो हेर्दा पनि यो जनावर प्यारो छ, तिमी जस्तै।



**गौरीः** म जस्तै रे ? अनि यो कहाँ बस्छ त बाबा ?

**गोपालः** यो हाम्रो गाउँको जस्तो लेकाली चिसो हावापानी भएको ठाउँमा बस्छ। निगालो प्रजाति पर्याप्त रहेको चौडापाते पतझर र धुपी सल्ला जस्ता कोणधारी वनहरूमा करिब २२०० मिटरदेखि ४८०० मिटर उचाइसम्म १० देखि २५ डिग्री सेल्सियस तापक्रम भएको ठाउँमा बस्ने हुनाले त्यस्ता स्थानको सूचक प्राणीका रुपमा पनि यसलाई लिईन्छ।

**गौरीः** बाबा साँच्ची यो कस्तो हुन्छ ? ठूलो हुन्छ हो ?



**गोपाल**: (तस्बिर देखाउँदै) यी यो हेर, तिम्रो जीवन काकाले बनाएको हाब्रेको चित्र, यो हाम्रो घरतिर पाइने बिरालोभन्दा अलि ठूलो हुन्छ। यसको रङ्ग रातो हुने हुँदा अंग्रेजीमा यसलाई रेड पान्डा पनि भनिन्छ। यसको आवाज थोरै चराको जस्तो चिरबिर - चिरबिर जस्तै सुनिन्छ। यसको छ वटा औँला हुन्छ। छैठौं औंलाले उनीहरुलाई रुख, निगालो चढ्ने क्रममा स-साना हाँगा समात्न मद्दत गर्दछ।

**गौरी**: अस्तिन हजुरबुवाले निगालोको टुसालाई खाने नाउटोटो भन्नु हुन्थ्यो नि, त्यो चाँहि के हो नि ?

**गोपाल** (हाँस्दै): हो, हो, नाउटोटो भनेको नि हाब्रे नै हो । यसको नामहरु ठाउँ अनुसार फरक फरक छन् । हाब्रे पाईने कर्णालीका क्षेत्रहरुमा नाउटोटो भन्छन् । कतै रातो पाण्डा, पुँडे कुँदो, वाह, होप, होपरोक्पा, होपदोङ्गा, हाब्रे, निगाले त कतै पोन्यो आदि नामले पनि चिन्छन् । तर वैज्ञानिक नाम चाहिँ *एलुरस फल्जेन्स* हो, विश्वभरी चिन्नुपर्दा भने यही नामले चिनिन्छ ।

**गौरी**: बाबा, यो हाब्रे हाम्रो देशमा कतिवटा छन् नि ?



**गोपाल**: हाम्रो देशमा यस्को विस्तृत अध्ययन भर्खर भर्खर सुरु भएको छ। पछिल्लो एक अध्ययन अनुसार यसको सङ्ख्या १०६१ हुन सक्छ भनेका छन्।

**गौरी**: हाम्रो मामाघर मनाङ्ग पनि हिमाली भेग होइन र ? त्यहाँ पनि हाब्रे पाइन्छ त ?

**गोपाल**: हो नि छोरी, त्यहाँ पनि पाईन्थ्यो नि। हाब्रे कै अध्ययन गर्न जाँदा त्यहाँ तिम्रो मामुसँग मेरो माया बसेको हो नि। तर बिडम्वना, पछिल्लो अध्ययनले मनाङ्ग जिल्लाबाट हाब्रे लोप भएको भनिएको छ। निगालो फुलेर सुकेकाले यसको खाना लोप भएको रैछ भन्ने बुझाई छ।

**गौरी**: आहा !!! साँच्चिकै देख्न पाए त कति रमाईलो हुन्थ्यो होला है ? अनि बाबा यो हेर्न भनेर त विदेशी नि आउँछन् होला है ?

**गोपाल**: हो छोरी, विदेशी मात्रै नभएर स्वदेशी पनि हाब्रे हेर्न उतिकै उत्साहित हुन्छन्। हाब्रेमा आधारित पर्यापर्यटनले नेपालको इलाममा जीविकोपार्जनमा टेवा पनि पुर्याउँदै आएको छ। हामीले अध्ययनका लागि मात्र नभई पर्यापर्यटनको दृष्टीले पनि यसको संरक्षण गर्नु महत्वपुर्ण हुन्छ। ल अब धेरै

रात भइसक्यो। भोली सबेरै जानुपर्छ बाँकी कुरा भोली बाटोमै गरौंला। अब सुत।

*(हवाईजहाजबाट नेपालगञ्ज हुँदै जाजरकोटको कालीमाटीसम्मको यात्राले थाकेकी गौरी भोलिपल्ट बिहानै आफ्नो बाबासँग लेकाली भूभागमा रहेको आफ्नो गाउँ जाने क्रममा हरि काकाको गोठ पुग्छिन्।)*



**हरि काका**: बाबु धेरै पछि आयौ त। दुध तताएको छु। आउ पिएर जाउ।

**गोपाल**: हस् काका। अनि दुहुना कति छन् त काका ??

(गौरी बडो कौतुहुताकासाथ गोठभित्र यताउता हेर्छिन् र उनको आँखा दलिनमा राखेको बन्दुकमा पुग्छ ।)

**गौरी**: बाबा बन्दुक ! !

**हरि काका**: (अप्ठ्यारो मान्दै) नानी गोठतिर कहिलेकाहीँ जङ्गली जनावरहरुले सताउने गर्छ । यता त भेडाबाख्रा, गाईभैंसी जोगाउन मुस्किल पो छ त ! त्यसैले धपाउनलाई हामी गोठालाहरुले बन्दुक राख्ने गर्छौं । कहिलेकाँही त त्यस्तै पर्यो भने भालु, झारल, घोरल, कस्तुरी पनि ढालिन्छ ।

**गोपाल**: काका, अहिले त नेपाल सरकारले वन्यजन्तुबाट हुने जोखिम न्यूनीकरणको लागि पशु बीमा लगायतका उपायहरु अघि सारेको छ नि । अनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ ले हाब्रे लगायतका दुर्लभ वन्यजन्तु वा सो को नमुना सम्बन्धी कसुर गर्नेलाई कसुरको मात्रा अनुसार पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना वा दुबैको व्यवस्था गरेको छ । परिएला है काका ।

**हरि काका**: ए हो र बाबु ? हामी लेकको गोठमा बस्नेलाई के थाहा यस्तो कुरा ।

**गोपाल**: अँ हो नि । ल काका घर पुग्नु छ । नानु धेरै हिँड्न सक्दिनन् । अलमल नगरी लाग्नुपर्छ ।

**हरि काका**: हुन्छ बाबु । फर्किदा यसो पसेर जानु नि ।



*(हरि काकाको गोठबाट अलि पर पुगेपछि)*

**गौरी**: बाबा अघि गोठमा दुध तताईर हनु भएको चाँहि को हो नि ? केही बोल्नु भएन त ।

**गोपाल** (दु:खी अनुहार बनाउँदै): हरि काकाकी श्रीमती, माया काकी हो ।

काका-काकीको जुम्ल्याहा सन्तान भएको थियो। जन्मेको एक वर्ष नहुँदै दुवै बिते। उनीहरु अहिले शोकमा छन्।

**गौरी**: (दु:खी हुँदै) हाब्रेको त त्यस्तो केहि हुँदैन होला नि है ?

**गोपाल**: हैन नि छोरी, हाब्रेको अवस्था नि यस्तै नाजुक छ। यसको पनि काका-काकीको जस्तै बच्चा जन्मेको १ वर्ष नहुँदै बिरामी परेर मर्ने गरेको पाईन्छ, अझ भन्नु पर्दा यसको औसत शिशु मृत्यु-दर अत्याधिक हुन्छ। त्यही भएर पनि यो प्राणी सङ्कटापन्न अवस्थामा रहेको छ।



*(जंगलको बाटोमा हिड्दै गर्दा झाडीमा केहि नौलो बस्तु देखेपछि ........)*

**गौरी**: बाबा एकै ठाउँमा कति धेरै एभोकार्डो रैछ ?

**गोपाल**: हाहा, यो त हाब्रेको गु हो नि। निगालो खाने भएकाले निगालोकै रङ्गजस्तो अनि हेर त यसको बिचमा फुकेको र दुवै छेउतिर चुच्चो छ। हाब्रेको बासस्थान नजिकै यो भेटिन्छ। यतातिर ध्यान दिइयो भने हाब्रे देख्न सकिन्छ है।

**गौरी**: छि, छि गु पो हो ?

**गोपाल** (हतार हतार झोलाबाट पञ्जा निकालेर हातमा लगाएर त्यो गुलाई केलाउँदै), यी हेर, निगालोको मसिना टुक्राहरु नै देखिन्छन्। फेरी गु भनेर यो गनाउँने नि हुन्न। गु आलो नै छ। हाब्रे देखिन सक्छ अलिक चनाखो

भएर हिँड है अब ।


**गौरी**: हस् बाबा । तर कस्तो ठाउँमा देखिने संभावना धेरै हुन्छ नि ?

**गोपाल**: बाक्लो निगालो भएको, भोजपत्र, गुराँस, गोब्रेको, ठिग्रेको मिश्रित जंगलमा पानीको मुहान नजिकैको तेर्सिएका, ढलेका काई अनि झ्याउ लागेको रुखहरुका हाँगामा बसेर निगालो खाईरहेको बेला भेट्ने संभावना बढी हुन्छ ।

**गौरी**: काई/झ्याउ लागेको हाँगामा कसरी देखिन्छ त ?

**गोपाल**: हा हा !! देखिन्छ नि त्यसैले त चनाखो होउ भन्या । आफुलाई शत्रुबाट जोगाउन आफुझैं देखिने काई झ्याउ लागेको हाँगामा बस्छ ।

*(नजिकैको भोजपत्रको रुखमुनि पुगेकी उनी साह्रै उत्सुक्तापुर्वक यताउता हेर्छिन् ।)*



**गौरी**: बाबा यहाँ नि चार पाँचवटा आलो गु छ ।

**गोपाल**: हामी आएको थाहा पाएर हग्दाहग्दै भाग्यो जस्तो छ । मैले अध्ययनका क्रममा प्राकृतिक बासस्थानमा हाब्रे हेर्न चार वर्ष कुर्नु परेको थियो । त्यो बेलामा नि पैंकको दल्यानाको जंगलमा हामीले अहिलेको जस्तै चार पाँचवटा आलो गुलाई पच्छ्याउँदा हाब्रे हेर्न पाएका थियौं ।

*(गौरी रुखतिर हेर्दै टोलाइरहेकी हुन्छिन्, गोपालले कल्पनामा मस्त गौरीलाई बोलाउँछन् ।)*

**गोपाल**: गौरी !!!! गौरी !!!!

*(गोपालले बोलाई रहँदा पनि गौरी हाब्रेको काल्पनिक दुनियाँमा मस्त हुन्छिन् ।) एक्कासी,*

**गौरी**: बाबा मलाई पनि कस्तो हाब्रे देख्न मन लाग्यो ।

**गोपाल**: नानी हाब्रे देख्न गाह्रो छ तर देख्न सकिन्छ । हाब्रे बस्ने



मालिंगो वा निगालो झाडी र ठुला रुखहरूको जथाभावी कटान तथा फँडानी, अव्यवस्थित चरीचरनको चाप, जथाभावी जडीबुटी सङ्कलन, पासो तथा धराप थाप्ने क्रियाकलाप, गोठका कुकुरहरूको आक्रमण, बासस्थानमा डढेलो लाग्नु/लगाउनु, विकास निर्माणका क्रियाकलापहरुले यस सुन्दर र

लज्जालु प्राणीको अस्तित्वमाथि नै प्रतिकुल असर परिरहेको छ । जसको प्रत्यक्ष असर प्राकृतिक अवस्थामा रहेको हाब्रेको सङ्ख्या दिनानुदिन घट्दै गएको छ । मैले लोपोन्मुख यो जनावरको अनुसन्धानमा १०-१५ वर्ष खर्च गरेकाले हो कि के हो मलाई यो जीवको बारेमा सधैँ चासो लागिरहन्छ । अझ तिम्रो मामाघरतिरबाट लोप भएको हाब्रेलाई उसकै बासस्थानमा खेलेको हेर्ने, अनि घर फर्काउन पाए जीवन नै सार्थक हुने थियो जस्तो लाग्छ ।

**गौरी**: (मन्द मुस्कानमा लाडिँदै) बाबा म पनि अब तपाइले जस्तै हाब्रे जोगाउने काम गर्छु ।

**गोपाल**: साह्रै राम्रो । अब हाब्रे जोगाउन छोरीले पनि बाबालाई सघाउने, बाबा छोरी भएर हाब्रे जोगाउने हस् ? ल घर पनि आइपुगिएछ । बाटो कटेको त पत्तै भएन ।

*गौरी दंग पर्दै आफ्नो घरभित्र छिर्छिन् र खाटमा पल्टिदैं हाब्रेले निगालो खाईरहेको कल्पनामा डुब्छिन् र ओठमा मन्द मुस्कानका साथ निदाउँछिन् ।*

# Story of Red Panda, A Curiosity of Daughter

## Story of Red Panda, A Curiosity of Daughter

***(Gopal is ready to take his daughter to Jajarkot. Gauri is very happy about visiting her village. Curious Gauri put her curiosity with Gopal while he was working on his computer.)***

**Gauri:** Dad, this time, what are we going to do in our village?

**Gopal:** This time we are going together to meet your grandparents, visit villages and forests including red panda habitat.

**Gauri:** Dad, why do you often talk only about red panda?

**Gopal** (Smiling): My dear, I am trying to understand it and conducting my research on how can this species be conserved since very long period of time. It's my job. Now, like you, your brother and mom, I have kind of emotional attachment with it as well.

**Gauri**: Is it so? What are the reasons behind loving red panda?

**Gopal**: Don't be panic. Recent study reveals that there are two members of Ailuridae family, like you and your brother of our family. It belongs to Order Carnivora, meaning carnivores in diet due to its small gut size and canine teeth; but it survives itself foraging on bamboos. Alongwith Nepal, in its natural habitat, it is found in another four countries of the world: Bhutan, China, India, and Myanmar. Moreover, it is very few in number. Red panda, *Ailurus fulgens* provides identity to the place as well. Looking at it, I find it as adorable as you.

Gauri: Like me ? Dad, where does it live then?

**Gopal**: It is considered as an indicator species of high altitude temperate and sub-alpine zones with mixed coniferous and broad leaves deciduous forests ranging between 2000 m and

4800 m and temperature between 10 to 25 degree Celsius.

**Gauri:** Dad, how does it look like? Is it big?.

**Gopal** (Showing Picture): Look at this picture that your uncle Jeevan has painted, it is a bit larger than domestic cat. It's body colour is red hence, it is called red panda. Its call is similar to sharp tisk or tschip call of birds. It has six digits. It's sixth digit is called false thumb. It helps them to cling in small branches of trees and bamboos while climbing.

**Gauri:** Our granddad used to call Nautoto to the creature foraging on bamboos. What is that creature then?

**Gopal** (Smilng): Yes, Nautoto is the same red panda. Its name differs with locations. It is called Nautoto in its habitat range in Karnali region. Likewise, it is also known as Punde Kundo, Wah, Hop, Hoprokpa, Nigalye Poonya. But Scientific name ***Ailurus fulgens*** brings uniformity in its name.

**Gauri:** Dad, what is the total population of red panda in our country?

**Gopal:** Detail study on this species has just begun. One of the previous studies has estimated its number to be 1061.

**Gauri:** Isn't our maternal uncle's house, mountainous region? Can we find red panda there too?

**Gopal:** Yeah, we used to find it there too. I fell in love with your mom while I was doing my research on red panda there. But latest study shows its local extinction from the district. It has been understood that mass flowering of bamboo resulted in the loss of its food.

**Gauri:** How wonderful it would be to encounter red panda in the wild? Dad do foreign tourists come here for red pandas?

**Gopal:** Not only foreign tourists but also Nepalese are equally eager to observe it in wild. Red panda-based ecotourism in some of the eastern districts of Nepal has been aiding up in livelihood of people there. Hence, its conservation is equally important for research and livelihood as well. It's too late. Tomorrow we have to move early and we will continue talking tomorrow as well. So, sleep now.

*(A long hectic travel from Kathmandu to Nepalgunj by plane and Nepalgunj to Kalimati, Jajarkot made her exhausted. Next morning, she started her journey with her dad passing Hari uncle's coral in alpine meadows on the way home.)*

**Hari uncle:** You've been home after ages. Please come in. I have boiled milk. Drink it before leaving.

**Gopal:** Ok uncle. We will. Uncle, how many livestock do you have these days?

***(Gauri started gazing inside coral and all of sudden her eyes stuck in the gun kept in the beam of the coral)***

**Gauri**: Dad!! Gun??

**Hari Uncle** (Feeling awkward): Pretty lady, sometimes, wild animals are problematic and it's quite difficult to protect sheep, goats and cattle from them. So, we herders use to keep it to chase them away. I sometimes use to kill Himalayan Black Beer, Himalayan Tahr, Ghoral and Musk deer as well.

**Gopal:** Uncle, now a days, Nepal Government has put forward different schemes like livestock insurance to reduce wildlife induced vulnerability and risk. Moreover, Nepal has strong legal provisions to control wildlife crimes particularly for protected priority mammals. The NPWC Act, 2029 and CITES Act 2073

provisions' a fine ranging from NPR 500,000 to NPR 1,000,000, or an imprisonment ranging from five years to 15, or both, for offenders and accomplices convicted for illegal trade in red panda body parts. Might get prosecuted. So, leave it!

**Hari Uncle:** Is that so? How do we people living in high altitude corals know about these stuffs?

**Gopal**: Yeah, it is. Ok uncle we need to reach home. My daughter can't walk much. So, without further delay, we need to move.

**Hari Uncle:** Ok. Meet up with us when you return.

***(A distance moving away from Hari uncle's coral)***

**Gauri:** Who was she boiling milk for us?

**Gopal** (with sad face): Hari Uncle's wife, Maya Aunt. They had twins who got killed from diseases within one year of their birth so they both are in grief.

**Gauri** (with her sad face): Will such grief happen with red panda?

**Gopal:** No my lady, the case is critical with it too. Like infant mortality in case of Hari uncle and Maya aunt, its average infant mortality rate is high so it is endangered.

***(Walking on the way amid Jungle, Gauri saw a strange object in the ground and she wondered what it was.)***

**Gauri:** Dad so much avocado at a place?

**Gopal:** It's panda's poo. As red panda eats bamboo, its spindle shaped moist fresh droppings tapering in either end looks green like bamboo. We can observe red panda here if you pay attention.

**Gauri:** Yuk !! it's poo?

**Gopal** (Taking gloves out of bag and wearing it on his hands, he starts breaking droppings): Look here, small pieces of undigested bamboos are found in its droppings. Again, it does not produce foul smell even. Droppings are fresh. So, be alert, you have good chances to encounter red panda now.

**Gauri:** Ok dad; but; which places have high possibilities of observation?

**Gopal:** One can find red panda residing on the slanting tree branches covered with reddish mosses and lichens foraging on bamboos nearby water sources in the forests of *Acer spp., Quercus semicarpifolia, Abies spectabilis, Juniperus spp., Tsuga dumosa, Betula utilis, Berberis spp., Actinidia strigosa, Rhododendron campanulata, Rosa sericera, Rubus spp, Schlleriflora spp*. etc with dense bamboo understory.

**Gauri:** How can it be seen on tree barks covered with mosses and lichens?

**Gopal:** Hehe, you can see so I insist you to be alert!! In order to protect form its enemy, reddish mosses and lichens in tree branches can act as camouflage to red panda, so it resides on those branches.

*(She eagerly started to search for droppings beneath a nearby Betula utilis.)*

**Gauri:** Dad four five fresh droppings are here.

**Gopal:** Knowing our arrival here, it might have run away defecating. I had waited four years of my wildlife career to observe red pandas in its natural habitat. That time also we followed similar four five fresh droppings in the forests at Daliyana of Paink as of now and got chance to observe red panda.

***(Looking at trees she is lost in her imagination. Gopal called her )***

**Gopal:** Gauri!!Gauri!!

(***Gauri was still lost in her imagination even if Gopal was calling her)***
**(All of sudden)**

**Gauri:** Dad I have extreme desire to observe red panda in wild right now.

**Gopal:** It quite hard to observe red panda but still you can. Different anthropogenic and natural threats like habitat loss and fragmentation, unmanaged grazing, haphazard Non-Timber Forest Products (NTFPs) collection, snares and traps, domestic and feral dogs attack, forest fire, infrastructure development activities etc. have adverse effect in in the existence of this charismatic animal. The numbers of red panda are decreasing due to direct impact of these threats. For the research and conservation of this endangered species, I have spent my 10-15 years so may be due to this, I am always curious about this species. My life would have complete if I am able to bring back red panda playing in your maternal uncle's home area Manang from where it has been locally extinct.

**Gauri** (with beautiful smile on her face): Dad. from now as like you, I work for the conservation of red panda too.

**Gopal:** Very Good. Hope you will help me out to conserve red panda and let's conserve it together, ok? We don't even notice the day passing by and we already reached home.

***(Gauri entered the home as pleased as punch. Lying on the bed, she envisaged a red panda foraging on bamboos on her imagination and she fell asleep with beautiful smile on her face.)***



ISBN 978-9937-0-8539-7